**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ**

**<u>इजलास</u>**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**<u>फैसला</u>**

२०७५/०७६ सालको निर्णय नं. १७७

पुनरावेदन नं. ०७५-RB-००६७

**मुद्दाः-<u>आयकर(२०६६/०६७)।</u>**

| | |
|---|---|
| काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.११ बबरमहलस्थित स्थायी लेखा नं.३०१२१२५१५का प्रभु बैक लिमिटेड (साविक स्थायी लेखा नं. ५००१९९३३०का ग्राण्ड बैक लिमिटेड) का तर्फबाट अख्तियार प्राप्त ऐ का प्रमुख कार्यकारी अधिकृत अशोक शेरचन ..................................१ | पुनरावेदक |

**<u>विरुद्ध</u>**

| | |
|---|---|
| ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर................................ १<br>आन्तरिक राजस्व विभाग लाजिम्पाट काठमाडौ ...............................१ | प्रत्यर्थी |

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ता श्री थमनबहादुर भण्डारी

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्धान उपन्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेत

**<u>शुरु निर्णय गर्ने कार्यालयः श्री ठूला करदाता कार्यालय, ललितपुर ।</u>**

शुरु निर्णय गर्ने पदाधिकारीः - प्रमुख कर प्रशासक श्री शंकरप्रसाद खरेल ।

शुरु निर्णय मितिः २०७१/०२/३०

**<u>प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी</u>**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णु प्रसाद नेपाल

निर्णय मितिः २०७५।०२।३१

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर समेतको निर्णय उपर राजस्व न्यायाधिकरण

ऐन, २०३१ को दफा ६ (१) र आयकर ऐन २०५८ को दफा ११६(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको रही दर्ता हुन आएको प्रस्तुत पुनरावेदनपत्रको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

**तथ्य खण्ड**

१. करदाता प्रभु बैक लिमिटेड(साविक ग्राण्ड बैक लि.)ले आ.व. २०६६/०६७ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रु.२३,४३,९५,७११/०० देखाइ मिति २०६७/०९/२५ मा विवरण पेश गरेका रहेछन ।

२. प्रस्तुत करदाताको आ.व. २०६६/०६७ को आय विवरणको कर परिक्षणको सिलसिलामा करदाताबाट आय विवरण साथ प्राप्त अन्य कागजातको अध्ययन, छानविन तथा हिसाव कितावको परीक्षण गर्दा आयकर ऐन, २०५८ बमोजिम कट्टी गर्न नपाउने खर्चहरु दावी भएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित करयोग्य आय कायम गर्नु पर्ने तथा अग्रिम कर कट्टी गर्नु पर्ने भुक्तानीमा कर कट्टी गरेको नपाइएकोले सो कर तिर्नु पर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्न आयकर ऐन २०५८ को दफा १०१(६) बमोजिम ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७१/०२/०७ मा सूचना जारी भएको ।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७१/०२/०७ मा जारी भएको सूचना करदाताले मिति २०७१/०२/११ मा सूचना बुझी लिएको ।

४. करदाताले मिति २०७१/०२/११ मा बुझी लिएको सूचनाको जवाफ मिति २०७१/०२/२५ मा पेश गरेको ।

५. प्रस्तुत करदाताको आ.व. २०६६/०६७ का लागि रु.२३,८४,४९,९५०/००(तेइस करोड चौरासी लाख उनान्पचास हजार नौ सय पचास रुपैया) करयोग्य आय कायम गरी आयकर ऐन २०५८ बमोजिम शंसोधित कर निर्धारण गरी सोही ऐनको दफा ११८, ११९ र दफा १२०(क) बमोजिम व्याज शुल्क समेत गणना गरी कर दाखिला गर्न सुचना जारी गर्ने भन्ने समेत व्यहोराको ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७१/०२/३० मा भएको निर्णय पर्चा ।

६. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७१/०२/३० मा जारी गरेको आ.व. २०६६/०६७ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी प्रभु बैक लि.(साविक ग्राण्ड बैक लि.)ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७१/०३/३१ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

७. संशोधित कर निर्धारण सम्बन्धी निर्णय कानुन सम्मत नै भएकोले निवेदकको जिकिर पुग्न सक्दैन भन्ने आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५/०२/३१ मा भएको निर्णय ।

८. यसमा शुरु करदाता कार्यालयले मिति २०७१/०२/३० मा गरेको संशोधित कर निर्धारण आदेश र सो आदेशलाई सदर गरी भएको आन्तरिक राजश्व विभागबाट प्रशासकिय पुनरावलोकनको निर्णयमा ह्रास योग्य समुहका कार्यालय उपकरणहरु **ATM machine, Generator, Locker** जस्ता सामानलाई समूह "ख" अन्तर्गत बर्गिकरण गरीएकोमा उक्त उपकरणलाई समूह "घ" अन्तर्गत वर्गिकरण गरी कर गणना गरिएको तथा सवारी साधनको ह्रास खर्च र वीमा शुल्क तथा सवारी कर अमान्य गरेको हुँदा उक्त संशोधित कर निर्धारण आदेश बदर गरी पाउँ भन्ने पुनरावेदन पत्र ।

९. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७५/०८/२५ मा भएको आदेश ।

<u>ठहर खण्ड</u>

१०. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रभु बैंक लि. को तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ता श्री थमन बहादुर भण्डारीले **Vehicle Scheme** अन्तर्गत खरिद भएका सवारी साधनहरु ब्यबसायकै नाममा रहने, ब्लु बुक लगायतका कागजातमा ब्यबसायकै स्वामित्व देखिने, कर्मचारीले कार्यालय प्रयोजन सहित आफ्नो काममा प्रयोग मात्र गर्ने हो । कर्मचारीको स्वेच्छाले नभई संस्थाको निर्णयले मात्र सवारी साधन उपयोग गर्न सकिने भै ब्यबसायकै सवारी साधन भएको हुँदा सो को ह्रास खर्च, कर शुल्क एवं बिमा समेत ब्यबसायकै खर्च भै सो खर्च कट्टी दावी कानून बमोजिम भएकोले करदाताले खर्च कट्टी पाउनु पर्दछ । पछि निसर्ग समेत ब्यबसायकै निर्णय बमोजिम मात्र हुने हुँदा स्वामित्व र प्रयोगमा रहेको स्थायी सम्पत्तिको ह्रास खर्च, बिमा शुल्क र कर तिरेको खर्च अमान्य गर्नु कानून विपरित भएको, भन्दै **ATM machine, Generator, plussafe** जस्ता उपकरणहरुलाई वर्गिकरणमा फरक पारी समूह "ख" मा दावी गरेको ह्रास खर्च अमान्य गरी समूह "घ" कायम गरेको निर्णय कानून विपरीत र मनोगत भएकोले बदरभागी छ भन्ने बहस प्रस्तुत गर्नु भयो ।

११. त्यसै गरी प्रत्यर्थी ठूला करदाता कार्यालय एवं आन्तरिक राजश्व विभाग समेतका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय काठमाडौंका विद्वान उपन्यायधिवक्ता श्री शम्भु कुमार बस्नेतले **Vehicle Scheme** सम्बन्धमा यस भन्दा पहिले यसै इजलासबाट धेरैवटा मुद्दा फैसला भैसकेको हुँदा यस विषयमा थप जिकीर गरिरहन परेन । **ATM machine, Generator, plussafe** जस्ता उपकरणहरुलाई बैंकिंग ब्यबसायको Core Function गर्ने

मेशनरीका रुपमा हेरी समूह “घ” मा कायम गरी ह्रास आधार निर्धारण गरेको समेतको शुरु कार्यालयको निर्णय सदर हुनुपर्छ भन्ने बहस जिकीर प्रस्तुत गर्नु भयो ।

१२. पुनरावेदकका तर्फबाट लिईएका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्धानहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी हेर्दा यसमा शुरु ठूला करदाता कार्यालय ललितपुरको निर्णय तथा सोलाई समर्थन गर्ने गरी भएको आन्तरिक राजस्व विभागको निर्णय मिलेको छ छैन? पुनरावेदकको जिकिर पुग्न सक्ने हो होइन? भनी निर्णय दिनुपर्ने देखिन आयो ।

१३. सो बमोजिम निर्णय तर्फ विचार गर्दा निम्नलिखित पुनरावेदन जिकिरका विषयमा निम्नबमोजिम हुने देखिन आयोः-

**(क) ATM machine, Generator जस्ता कार्यालय उपकरणको ह्रास खर्च सम्बन्धमाः-** ठूला करदाता कार्यालयले कार्यालय उपकरणका रुपमा रहेका **ATM machine, Generator, Locker** जस्ता सामानहरुलाई समूह “घ” मा पर्ने भनी आयकर ऐन, २०५८ को दफा १९(१) संग सम्बन्धित अनुसूची-२ को १(घ) बमोजिमको ह्रास दर कायम गरी पुनरावेदकको ह्रास गणनालाई अमान्य गरेकोमा पुनरावेदकले उल्लेखित सम्पत्तिहरु बैंकको प्रयोजनको लागि कार्यालय उपकरण रहेको हुँदा आयकर ऐन, २०५८ को अनुसूची-२ को दफा १ को सम्पत्ति समूह “ख” अन्तर्गतकै कायम भई ह्रास गणना पाउनु पर्ने जिकिर लिएको सम्बन्धमा विचार गर्दा साविकमा राजस्व न्यायाधिकरण काठमाडौंबाट सोही मुतावित समूह ‘घ’ नै कायम गरी फैसला हुँदै आएकोमा सम्मानित सर्वोच्च अदालतबाट मुद्दा नं.०७३-RB-०१४६ मिति २०७४।७।१४ मा समेत फैसला हुँदा ती मेशिनरी औजारहरु समूह “ख” मा नै समूहिकृत हुनुपर्ने भनी फैसला भएकाले र आयकर ऐन, २०५८ को अनुसूची -२ को दफा १(१)(ख) मा कम्प्युटर, तथ्याङ्क केलाउने उपकरण जस्ता सम्पत्तिहरु समूहिकृत हुने व्यवस्था अनुरुप पुनरावेदकले पनि सोही किसिमका सम्पत्तिलाई समूह (ख) मा राखेकोले सो का आधारमा **ATM machine, Generator, plussafe** जस्ता कार्यालय उपकरणको सम्पत्ति समूहिकरण सम्बन्धमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरको निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय सो हदसम्म मिलेको देखिएन ।

**(ख) Vehicle scheme का सम्बन्धमाः-** बैकको निर्णयानुसार कर्मचारीलाई सवारी साधन खरिद गरिदिने योजना सञ्चालन गरेको, बैंकको हित वा सेवा शर्त विपरीत कार्य गरेमा सुविधाबाट वञ्चित गर्न मात्र बैंकको स्वामित्व कायम राख्न सवारी साधन बैंकको नाममा राखिएको, उपलब्ध गराईएको सवारी साधन निर्वाध रुपमा उपभोग गर्ने अधिकार (Possession Right) सम्बन्धित कर्मचारीमा नै रहने, व्यवसायिक काममा समेत अन्यले प्रयोग गर्न नपाउने, ईन्धन र मर्मतको खर्च निश्चित सीमा भन्दा माथिको सम्बन्धित कर्मचारीले नै व्यहोर्ने, कर्मचारीको रोजाईमा रकम थप गरेर सवारी साधन खरिद गर्न सकिने, सवारी साधनको प्रयोग बैंकको आय आर्जनसँग सम्बन्धित कामका लागि मात्र नहुने, व्यक्तिगत प्रयोजनमा बढी उपयोग हुने र पछि तोकिएको

समयमा कर्मचारीलाई नै हस्तान्तरण भै सम्पतिको निसर्गबाट बैंकलाई कुनै प्रतिफल प्राप्त नहुने भएकाले कर्मचारीको प्रयोगमा रहेको सवारी साधन माथीको पूर्ण स्वामित्व बैंकको हो भन्न सकिने अवस्था देखिएन ।

यस्तो सवारी साधन कस्तो प्रकृतिको सम्पत्तिको दायरा भित्र पर्दछ भन्ने सम्बन्धमा Nepal Accounting Standard (NAS) को Paragraph 6 and 7 मा निम्न बमोजिम उल्लेख भएको पाइन्छः-

"Property, plant and equipment are tangible items that :- a) are held for use in the production or supply of goods or services, for rental to others or for administrative purpose." Para-6

"The cost of an item of property, plant and equipment shall be recognized as an asset, if and only if, (a) It is probable that future economic benefits associated with the item will flow to the entity." Para–7

लेखामानको उपर्युक्त उल्लेखन अनुसार कुनै निकायको सम्पति हुन त्यस्तो सम्पति उक्त निकायको उत्पादन कार्यमा प्रयोग भएको हुनु पर्ने, वस्तु तथा सेवाको वितरणमा प्रयोग भएको हुनु पर्ने, अन्य व्यक्तिलाई भाडामा दिन सक्ने वा प्रशासकीय कार्यमा प्रयोग भएको हुनु पर्नेमा बैंकले स्वतन्त्र रुपमा उल्लिखित कुनै पनि कार्यमा प्रयोग गर्न सक्ने देखिएन । ब्लु बुक र दर्ताका आधारमा मात्र सवारी साधन बैंकको स्वामित्वमा रहेको भनी व्यवसायको वार्षिक आयबाट निम्नानुसारका खर्च कट्टी दावी गरेको सन्दर्भमा हेर्दा निम्नानुसार हुने देखियोः

**अ) ह्रास खर्च कट्टी दावीः–** आयकर ऐन, २०५८ को दफा १९(१) मा कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनका लागि सो व्यवसाय वा लगानीबाट सो व्यक्तिको आय आर्जन गर्न सो वर्षमा आफ्नो स्वामित्वमा रही प्रयोग गरेको ह्रास योग्य सम्पतिको ह्रास भए वापत अनुसूची –२ बमोजिम ह्रास खर्च कट्टी गर्नु पर्नेछ भन्ने व्यवस्था भएकोमा Own your vehicle scheme अन्तर्गत खरिद भएका सवारी साधनको पूर्ण स्वामित्व बैंकको हुने नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिएको अवस्था हुँदा माथि विवेचित तथ्यबाट सवारी साधनको ह्रास खर्च कट्टी दावी नपाउने गरी भएको शुरुको निर्णय कानूनसम्मत नै देखिन आयो ।

**आ) बीमा खर्चः–** माथि विवेचित आधारमा सवारी साधनमा बैंकको पूर्ण स्वामित्व नदेखिँएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिँदा सवारी साधनका लागि गरेको बीमा खर्च समेत अमान्य गर्ने गरी भएको ठूला करदाता कार्यालयको निर्णय मिलेकै देखिन आयो।

**इ) सवारी साधन करः-** माथि विवेचित आधारमा सवारी साधनमा बैंकको पूर्ण स्वामित्व नदेखिँएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिँदा सवारी साधनका लागि गरेको सवारी साधन कर खर्च समेत अमान्य गर्ने गरी भएको ठूला करदाता कार्यालयको निर्णय मिलेकै देखिन आयो ।

१४. अतः माथि उल्लिखित आधार र कारणबाट करदाता प्रभु बैंक लि. (स्थायी लेखा नं.५००१९९३३० भएका साविक ग्राण्ड बैंक लि.)को आ.व. २०६६/०६७ को आयकर निर्धारणका सम्बन्धमा शुरू ठूला करदाता कार्यालयको मिति २०७१।०२।३० को निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७५/०२/३१ मा भएको निर्णयमा **ATM, Generator, plussafe** जस्ता सम्पत्तिलाई समूह "घ" मा पर्ने भनी गरेको निर्णय मिलेको नदेखिँदा केही उल्टी हुने ठहर्छ । अरूमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । तपसील बमोजिम गर्नु ।

<u>तपसील</u>

माथि ठहर खण्डमा पुनरावेदक करदाताको आ.व. २०६६/०६७ को आयकर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालयको निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णयमा आयकर तर्फ **ATM, Generator, plussafe** जस्ता सम्पत्तिलाई समूह 'ख' मा राख्नु पर्नेमा समूह 'घ' मा राखी ह्रास खर्च कायम गरी भएको निर्णय सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने ठहरेकोले सो विषयमा करदाताले राखेको रकम कानूनको म्यादभित्र नियमानुसार फिर्ता दिनु वा अर्को आर्थिक वर्षको कर रकममा मिलान गरिदिनु भनी शुरु कार्यालयलाई लेखी पठाइदिनू.............१
विशेष सरकारी वकीलको कार्यालय, काठमाण्डौलाई फैसलाको जनाउ दिनू.............२
सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार नक्कल दिनू...........................३
फैसलाको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गर्नु र शुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू......................४

डम्बरबहादुर कार्की
(लेखा सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नेः-</u>
विश्वराज कुइकेल (शाखा अधिकृत)
इतिसम्बत २०७६ साल असार ८ गतेरोज १ शुभम.........................................